महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

कटारी नगरपालिका

उदयपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

कटारी नगरपालिका

उदयपुर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

कटारी नगरपालिका

उदयपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजू फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १५४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
उदयपुर ।

कैफियतसहितको राय

हामीले कटारी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ७ करोड ८१ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ७५ लाख ११ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७६ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९७ लाख १९ हजार, नियमित गर्नुपर्ने रु १ करोड ९६ लाख २१ हजार र पेश्की रू. १ करोड ३७ लाख २ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ३८ करोड ७४ लाख ९४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ४३ करोड १५ लाख १३ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

कटारी नगरपालिका, उदयपुर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४९	६७	७८१५८	०	६	७५११	४९	६१	७०६४७	७६०५	१९६२१	२९७१९	०	०	४९३४१	१३७०२

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

(रु. हजारमा)

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	२०	पेश्की फस्यौंट भएको प्रमाण पेश ।	७३२६
२	३९.१	मर्मत संभार प्रतिवेदन पेश भएको ।	१२४
३	३९.२	नगर अस्पतालमा कार्यालय समय भन्दा थप समय कार्य भएको प्रमाण पेश ।	५२
४	४१	छात्रवृत्ति वापत बढी भुक्तानी रकम असुल भएको प्रमाण पेश ।	९
		जम्मा	७५११

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	पालिका	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
उदयपुर	कटारी नगरपालिका	३८७४९४	०	२६६२८	३६०८६६	०	७०६४७	४३१५१३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कटारी नगरपालिका, उदयपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Amar Prasad Bhatta	२०७७-८-१६	२०७८-९-१३
कार्यालय प्रमुख	Dhirendra Kumar Yadav	२०७८-९-१४	२०७८-११-३
कार्यालय प्रमुख	अनिल किराती	२०७८-११-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	Dilip Kumar Shrestha	२०७७-५-२१	२०७९-३-३२
लेखा प्रमुख	डाेरनिधि सुवेदी	२०७९-७-३	हाल सम्म कार्यरत
		बेरुजु रकम	७०,६४६,६०६.८४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,४८,९५,१०५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५०,३०,५७,३८६	**चालु खर्च**	७३,०९,४१,७८८
प्रदेश सरकारबाट अनुदान	२,५०,३६,६५०	**पूँजीगत खर्च**	२०,२९,३१,७३९
राजश्व बाँडफाँट	१७,०८,९८,९२१	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	४,२२,०६,४९८		
अन्य आय	२२,३६,०५,०५६		
कुल आय	९६,४८,०४,५११	**कुल खर्च**	९३,३८,७३,५२७
बाँकी मौज्दात		५,५८,२६,०८९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो र भरपर्दो विकास, लाभको समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध, सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो नगरपालिका अन्तर्गत १४ वडा रहेका छन्। यो पालिकाको ४२४.९ वर्ग कि.मी. क्षेत्रफल र जनसंख्या ६२१०९ रहेको छ ।	
२			**लेखापरीक्षण** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:	
३			**लेखापरीक्षणको क्रममा असुली** लेेखापरीक्षणको क्रममा असुलउपर गरी देहाय बमोजिम रु ३३०६६०/- दाखिला भएको छ । क्र.सं. | विवरण | असुल भएको रकम १ | छात्रवृत्ति बापत बढी भुक्तानी | ९५६००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>स्यानिटरी प्याड खरिद नभएको रकम</td><td>१५३६०</td></tr>
<tr><td>३</td><td>दिवा खाजा बढी भुक्तानी</td><td>१७०७४०</td></tr>
<tr><td>४</td><td>सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अभिमुखिकरण तालिममा बढी भुक्तानी</td><td>४८९६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३०६६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
वित्तीय प्रतिवेदन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः
<table>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत /सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>१००६०११०८४</td><td>७७०१९३७००</td><td>१९४६१०८११</td><td>९६४८०४५११</td><td>७६८८०५६२१</td><td>९४८४२३२</td><td>७७८२८९८५३</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>७८५८७८२१५</td><td>७४६७७२१६८</td><td>०</td><td>७४६७७२१६८</td><td>७२१२२११०८</td><td>०</td><td>७२१२२११०८</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

११००० कर	११	१६८८९९५५०	१९००१०३४८	०	१९००१०३४८	१७६२२४१५९	०	१७६२२४१५९
१३००० अनुदान		५८७४१९८४०	५२८०९४०३६	०	५२८०९४०३६	५२७०९९०२५	०	५२७०९९०२५
संघीय सरकार	१२	५४०८९७८४०	५०३०५७३८६	०	५०३०५७३८६	५०६१६२२९२	०	५०६१६२२९२
प्रदेश सरकार	१२	४६५२२०००	२५०३६६५०	०	२५०३६६५०	२०९३६७३३	०	२०९३६७३३
१४००० अन्य राजस्व		२९५५८८२५	२३०९५०७१	०	२३०९५०७१	१७८९७९२५	०	१७८९७९२५
१५००० विविध प्राप्ति		०	५५७२७१३	०	५५७२७१३	०	०	०
ख. अन्य प्राप्ति		२२०१३२८६९	२३४२१५३२	१९४६१०८११	२१८०३२३४३	४७५८४५१३	९४८४२३२	५७०६८७४५
वितरण गर्न बाकी राजस्व		०	१३०००००	०	१३०००००	०	०	०
कोषहरु		२३११४६५३	१९५८८९५४	०	१९५८८९५४	४२५५०१३६	९४८४२३२	५२०३४३६८
धरौटी		०	२५३२५७८	०	२५३२५७८	५०३४३७७	०	५०३४३७७
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		१९७०१८२१६	०	१९४६१०८११	१९४६१०८११	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

भुक्तानी (ग+घ)		१०२४७८३४३३	७३९२६२७१६	१९४६१०८११	९३३८७३५२७	७७३१४६३०६	४४७०५५७	७७७६१६८६३
ग. भुक्तानी (सञ्चित कोषबाट)		८०४६५०५६४	७२३६१२९५८		७२३६१२९५८	७४१६५९९८४		७४१६५९९८४
२१००० पारिश्रमिक / सुविधा	१८	२५५५४५०००	२४५४०९७२९	०	२४५४०९७२९	२४६६९३६५४	०	२४६६९३६५४
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२४७८२३९२२	२२८८४१३९९	०	२२८८४१३९९	१८५८०६६९८	०	१८५८०६६९८
२५००० सहायता (Subsidy)	१८	३६३८३००१	३२७१६६६४	०	३२७१६६६४	१५५४८९६९	०	१५५४८९६९
२६००० अनुदान	१८	०	०	०	०	७५५००००	०	७५५००००
२७००० सामाजिक सुरक्षा	१८	१५२५८००१	१००९४७३७	०	१००९४७३७	७४९९१२७	०	७४९९१२७
२८००० अन्य खर्च	१८	५१०००००	३६१८६८९	०	३६१८६८९	३३४३३१५	०	३३४३३१५
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२४४५४०६४०	२०२९३१७३९	०	२०२९३१७३९	२७५२१८२२१	०	२७५२१८२२१
घ. अन्य भूक्तानी		२२०१३२८६९	१५६४९७५८	१९४६१०८११	२१०२६०५६९	७७३१४६३०६	४४७०५५७	७७७६१६८६३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

कोषहरु		२३११४६५३	१३७८३१३६	०	१३७८३१३६	२५८७८५५१	४४७०५५७	३०३४९१०८
धरौटी		०	१८६६६६४	०	१८६६६६४	५६०७७७२	०	५६०७७७२
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		१९७०१८२१६	०	१९४६१०८११	१९४६१०८११	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-४२		-४२			
ङ. यो वर्षको बचत (न्युन)		-१८७७२३४९	३०९३०९८४	०	३०९३०९८४	-४३४०६८५	५०१३६७५	६७२९९०
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२४८९५१०५		२४८९५१०५	३४७९८४९८		३४७९८४९८
वर्षान्तको बाकी रकम (ङ + च)		-१८७७२३४९	५५८२६०८९	०	५५८२६०८९	३०४५७८१३	५०१३६७५	३५४७१४८८
बैंक तथा नगद बाकी	२४		५५८२६०८९		५५८२६०८९	३१००२९०१		३१००२९०१

५			**वित्तीय विवरण परीक्षण**	
५.१			वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा गरिवसंग विशेश्वर कार्यक्रम स्थानिय लैगिक हिंसा निवारण कोष प्रकोप व्यव्थापन	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कोषको जिम्मेवारीको सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाको निम्न अनुसारका खातावाट स्थानिय संचितकोष खातामा स्थानान्तरण गरेको देखिएन। कानुनमा व्यवस्था भए वमोजिम रकम स्थानिय संचितकोषमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ।
<table>
<tr><td>ग २.१ चालू खर्च खाता-विजोर वर्ष</td><td>९१८०००५.१५</td></tr>
<tr><td>ग २.३ पूँजिगत खर्च खाता-विजोर वर्ष</td><td>११०३५५७३.८६</td></tr>
<tr><td>ग ६.१ स्थानीय तह विभाज्य कोष खाता</td><td>१३०००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>पालिकाको गत वर्षको वित्तिय प्रतिवेदन अनुसार गत आर्थिक बर्षको अन्तिम मौज्दात रु ३,५५,०८,९६८.१९ रहेकोमा पालिकाको यस बर्षको वित्तिय प्रतिवेदनको सुरु मौदात रु २४८९५१०५.२२ जिम्मेवारी सारेको देखिएकोले रु १०६१३८६२।९७ घटि जिम्मेवारी सारेको देखिएकोले हिसाव मिलान गर्नु पर्ने रु</td><td>१०,६१३,८६२.९७</td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको स्रेस्ता भन्दा बैकमा रु ६८८७७७२.२३ बढि मौज्दात देखिएकोमा हिसाव मिलान विवरण तयार गरेको देखिएन।
<table>
<tr><td>खाताको प्रकार</td><td>खाता अनुसार बाकी रु</td><td>बैंक अनुसार बाकी रु</td><td>फरक</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग १.१ आन्तरिक राजस्व खाता</td><td>०.००</td><td>४०४५७८६.४९</td><td>-४०४५७८६.४९</td></tr>
<tr><td>ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०.००</td><td>१३०००००.००</td><td>-१३०००००.००</td></tr>
<tr><td>ग १.३ आन्तरिक अनुदान खाता</td><td>०.००</td><td>०.००</td><td>०.००</td></tr>
<tr><td>ग २.१ चालू खर्च खाता- विजोर वर्ष</td><td>९१८०००५.१५</td><td>९३३०२९९.१५</td><td>-१५०२९४.००</td></tr>
<tr><td>ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>११०३५५७३.८६</td><td>११४९९८२२.८६</td><td>-४६४२४९.००</td></tr>
<tr><td>ग ३.१ स्धानीय तह धरौटी खाता</td><td>४५६९३७२.००</td><td>६६०५०२८.६५</td><td>-२०३५६५६.६५</td></tr>
<tr><td>ग ३.१ स्धानीय तह धरौटी खाता</td><td>४१६००.००</td><td>०.००</td><td>४१६००.००</td></tr>
<tr><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>२१७१६०२१.७८</td><td>१९८३४४२९.२९</td><td>१८८१५९२.४९</td></tr>
<tr><td>ग ५.१ स्थानीय तह विविध कोष खाता</td><td>५७५५८१८.२६</td><td>७८७०७९६.८४</td><td>-२११४९७८.५८</td></tr>
<tr><td>ग ६.१ स्थानीय तह विभाज्य कोष खाता</td><td>१३०००००.००</td><td>०.००</td><td>१३०००००.००</td></tr>
<tr><td>स्थानिय लैंगिक हिंसा निवारण कोष</td><td>३५००००.००</td><td>३५००००.००</td><td>०.००</td></tr>
<tr><td>ग-७.२ प्रकोप व्यवस्थापन कोष</td><td>१८७७६९८.३६</td><td>१८७७६९८.३६</td><td>०.००</td></tr>
<tr><td>जम्मा</td><td>५५८२६०८९.४१</td><td>६२७१३८६१.६४</td><td>-६८८७७७२.२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.१</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी बर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रमको दोहोरपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ । तर पालिकामा यस सम्वन्धमा समितिको वैठक वसेको देखिएन।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७८।३।१० गते आर्थिक बर्ष २०७८।७९ को बजेट सभा समक्ष पेश गरेकोमा सोही दिन पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।२६ मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर गर्ने सम्वन्धि व्यवस्था गरेको छ । तर पालिकाले निम्न अनुसारको रकमान्तर गर्दा पुँजिगत कार्यक्रमवाट चालु प्रकृतिको स्वीकृत नगरेको कार्यक्रममा निम्नअनुसार खर्च गरेको अनियमित देखिएको रु
<table>
<tr><th>भौ. नं.</th><th>मिति</th><th>कार्यक्रम</th><th>रकमान्तर</th><th>रकम</th></tr>
<tr><td>४३३</td><td>२०७९।२।१६</td><td>गडरे शिवमन्दिर निर्माण कार्य</td><td>भीमसेन मन्दिर उद्घाटन तथा पुजा सामाग्रि खरिद</td><td>१०००००</td></tr>
<tr><td>५४</td><td>२०७८।८।२३</td><td>कटारी नपा १४ वटै वडा फिल्ड मर्मत</td><td>जुत्ता फुटवल जर्सि भलिवल लगायत खेलकुल सामाग्रि खरिद</td><td>९९०५०</td></tr>
</table></td><td>१९९,०५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१९९०५०</td></tr></table></td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>अवण्डा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। सो विपरीक्त नगरपालिकाले कार्यक्रममा रु १ करोड ११ लाख ७२ हजार विनियोजन गरेकोमा विभिन्न २५ वटा योजनाहरुमा र समपुरक कोष (नगर साझेदारी कार्यक्रम नगर उप-प्रमुख) कार्यक्रममा रु १९ लाख ४० हजार विनियोजन गरी विभिन्न ५ वटा योजनामा अवण्डा राखी नगर कार्यापालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गर्ने गरेको देखिन्छ । नगर सभाबाट कार्यक्रम पुर्व स्वीकृत नगराई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नु व्यवस्था गरेको छ। पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>६.७</td><td></td><td></td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र गरिसक्नपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बर्ष पछिको थप २ बर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेमा समितिले ऐनको व्यवस्था अनुसार बजेट सीमा उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्था अनुसार कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
७			**कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन, ९ वटा ७ वटा नियमावली, ३४ वटा कार्यविधि लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	
८			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित ३५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
९			**करार कर्मचारी** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी	८,१४२,८६२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न ४१ पदमा १११ जना कर्मचारीहरु करारमा राखि रु.३३७४२१५० खर्च लेखेको छ।

त्यसै गरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेकको विभिन्न ७ पदमा २१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.८१४२८६२ भुक्तानी गरेकोले अनियमित देखिएको रु</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>न्यायिक समिति
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ वटा र यो बर्ष थप भएको २७ वटा गरी कुल ३२ विवाद दर्ता भएकोमा २८ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवा प्रवाह
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा नगरपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिका तथाअन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र. सं .</th><th>सेवा प्रवाहको विवरण</th><th>सेवा प्राप्तिको लागि प्राप्त निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>२६५८</td><td>२६५८</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>१९७९</td><td>१९७९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>३५३</td><td>३५३</td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यू तथा विवाह दर्ता</td><td>२४४९</td><td>२४४९</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>११८५६</td><td>११८५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन, दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन, स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
भ्रमण खर्च व्यवस्थापनतर्फ- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको देखिएन, नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन।
खरिद व्यवस्थापन तर्फ- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार नगरेको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको, स्थानीय तहले
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गरेको देखियो। • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन नगरेको, • शिक्षातर्फ - स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएन । शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन। संस्थागत विद्यालयहरूको दर्ता, नविकरणशुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन। • आन्तरीक आय तर्फ - पालिकाले एकिकृत सम्पति कर तथा व्यवसाय करदाताको लगत तयार गरी नियमित रुपमा कर तिर्ने र कर तिर्न बांकी रहेका करदाताको विवरण अध्यावधिक गरी कर नतिरेकावाट कर संकलन गर्नुपर्नेमा पालिकाले सोको लगत नै राखेको देखीएन। • विविध तर्फ- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको, कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको. विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन।	
१२.२			बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन।	
१२.३			सूचना प्रविधी पद्दतिः सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।	
१२.४			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक गरी राखेको देखिएन।	
१२.५			म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन।	
१३			**ठेक्का सम्बन्धी गोश्वारा लगत** ठेक्काबाट भएको कामको अभिलेख सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले ठेक्का मार्फत निर्माण कार्य गराउँदा म ले प फा नं ५०६ र म ले प फा नं ५०७ वमोजिमको लगत राखेको देखिएन।	
१४			**सम्पत्ति उपयोग र संरक्षण**	
१४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण सम्वन्धी व्यवस्था गरेको छ। कार्यालय प्रमुखले नियावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्य समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराइए महालेखा परीक्षको कार्यालयवाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकावाट लेखापरीक्षणका क्रममा जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए वमोजिम लिलाम मर्मत गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>सार्वजनिक निकायले मालसामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकामा यस बर्ष खरिद गरेको माल सामान सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेख राखेतापनि गत विगत देखिका सामानको अभिलेख अध्यावधिक नरहेको सहायक जिन्सी खाता अध्यावधिक नहुदा मुल्यवान सामान क-कससंग रहेको यकिन गर्न सकिने गरी जिन्सी अभिलेख राखेको देखिएन । साथै वडा कार्यालयले खरिद गरेको जिन्सी सामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेखिकरण गरेको देखिएन। निम्नअनुसारको सामान वडामा खरिद गरेकोमा सरकारी सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख राखेको नदेखिएकोले सरकारी सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख राख्नुपर्ने रु
<table>
<tr><th>मिति</th><th>भौ.नं.</th><th>भुक्तानी पाउने फर्म/व्यक्ति</th><th>खरिद सामाग्री</th><th>वडा नं.</th><th>रकम</th></tr>
<tr><td>चालु</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>८६४,३४८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७९।११।२३	७६१	विशाल कुमार गुरुङ्ग - वडा सिचव	D.J. स्पिकर, LED बल्व, अफिस चियर, प्लाष्टिक कुर्सि, किचन रेक, किचन सामाग्री र कम्प्युटर समाग्री ।	८	१०००००.००
२०७९।०२।३१	१३००	रिणु कुमारी श्रेष्ठ - वडा सचिव	रिभल्भिङ्ग चियर, अफिस दराज र अफिस टेबल	१३	५००००.००
२०७९।०३।१७	१४८८	बुद्धि विलास भट्टराई - वडा सचिव	ग्यास सिलिण्डर, ग्यास चुला, Revolbing chair, s chair, computer table, sutbin, plastic landory box, र रंगरोगन सामाग्री ।	१०	१०००००.००
२०७९।०३।२१	१५११	सूर्य बहादुर खड्का - वडा सचिव	Laptop	१	९९९४८.००
२०७९।०३।२३	१५३२	हस्त बहादुर दनुवार - वडा सचिव	रिभल्भिङ्ग चियर, टपटेक कार्पेट र कार्यालय सामाग्री	७	५००००.००
२०७९।०३।२४	१६२१	सूर्य बहादुर खड्का - वडा सचिव	कार्यालय सामाग्री, streacher, प्लाष्टिक कुर्सी, पर्दा (झ्याल र ढोका), स्टिल दराज	१	१०००००.००
पूँजीगत					
२०७९।०३।२५	६९३	कृष्ण प्रसाद निरौला - वडा सचिव	सोफा सेट, दराज, रेक, रिबल्भिङ्ग चियर, अफिस टेबल, नर्मल चियर, P.V.C. कार्पेट, जुट कार्पेट, सिलिङ्ग फ्यान, फिल्टर, स्टेण्ड फ्यान र बल्ब ।	६	१५००००.००
			जम्मा		६४९९४८.००

निम्न अनुसारका सामान पालिकाले खरिद गरेकोमा हस्तान्तरण गरी सरकारी सम्पत्ति व्यवस्थापन प्रणालीमा लगत कट्टा गरेकोमा लगत कायम गरी सहायक जिन्सी खातामा अभिलेख राख्नु पर्दछ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

भौचर नं	मिति	काम	रकम	कैफियत
६९९	२०७९।३।२५	ल्यापटप १ थान प्रिन्टर १	६४९००	लगत कट्टा गरी वडा नं ११ लाई दिएको
६९३	२०७९।३।२५	सोफासेट दराज अफिस टेवल सिलिङ फेन	१५००००	पालिकामा दाखिला नगरेको वडा नं ६ मा दखिला गरेको भनिएको
		जम्मा	२१४९००	

</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>धरौटी
धरौटीकोतर्फको स्रेस्ता अनुसार बांकी रु ४६१०९७२ रहेको देखिएकोमा बैक मौज्दातमा रु ६६०५०२८।६५ रहेको देखिएकोले खातामा भन्दा वैकमा रु १९९४०५६।६५ वढि देखिएकोले सोको नाम सहितको विवरण खुलाई आम्दानी बांध्नुपर्ने देखियो। पालिकामा धरौटी तर्फको गत बर्षको जिम्मेवारी आम्दानी खर्च र मौज्दातको विवरण अध्यावधिक गरी राखेको देखिएन । जसले गर्दा धरौटीको हिसाव भिडान गर्न सकिने अवस्था देखिएन।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>आर्थिक सहायता
सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वधि निति मार्गदर्शन २०७८ को बुँदा नं १३ मा तोकियको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति,औषधि उपचार र आर्थिक सहायता वापत को खर्च उपलव्ध गराउने उल्लेख छ। आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा भएको तोक आदेश अनुसार विभिन्न कार्यक्रम वाट आर्थिक साहायताका रुपमा रु २२९४७३० भुक्तानी गरेको छ। १० हजार सम्मको मापदण्ड तयार गरेता पनि १० हजार भन्दा माथि यस्तो खर्च लेख्न मापदण्ड तयार गरेको छैन। आर्थिक सहायता वितरण गर्ने मापदण्ड,सिमा र कार्यविधि तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले मितव्ययि रुपमा तोकिएको सिमाभित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नु पर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>विविध खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु ६८,८७,६५५खर्च गरेको छ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम
सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग सझौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलध गराउने र निर्माण कार्यसम्पन्न भए पस्चात अनुसुची ३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ। पालिकाले यस कार्यक्रम तर्फ यस आर्थिक वर्षमा २०१ परिवारलाई प्रथम किस्ता वापत तिस हजारका दरले रु ६० लाख ३० हजार रकम उपलव्ध गराएकोमा निर्माण कार्य सम्पन्न गरेको देखिएन। निर्माण कार्य सम्पन्न गरी अनुसुची-३ वमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ। रु</td><td>६,०३०,०००</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>विद्यालय अनुगमन
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पऱ्याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्की
सार्वजनिक खरिद नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिने तथा फछ्र्यौट व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार निर्माण व्यवसायी तथा संस्थालाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले कानून बमोजिम कार्यसम्पन्न प्रतिवेदन समेत पेश गरी फछ्र्यौट गर्नुपर्नुे रु
<table><tr><th rowspan="2">पेश्की लिएको मिति</th><th rowspan="2">गो. भौ. न.</th><th rowspan="2">पेश्कीको विवरण</th><th rowspan="2">पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th colspan="2">रकम</th></tr><tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr></table></td><td>१२,७८५,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७९/०३/२३	१४६	बेतेनि सामुदायिक पार्क, कटारी	किरांतेश्वर जोशी प्रिन्स जे.भि.	२१०४८४०.	
संस्थागत					
२०७८/०६/१०	१७०	समपुरक कोष (नगर साझेदारी कार्यक्रम नगर उप-प्रमुख)	नेपाल सितोरियो कराते डो	०.००	१००००.
२०७८/०८/०२	३६६	समपुरक कोष (नगर साझेदारी कार्यक्रम नगर प्रमुख)	नेपाल माझी उत्थान संघ	०.००	२०००००.
२०७८/०८/२३	४८३	सेवा र परामर्श खर्च (सर्वेक्षण, अनुसन्धान, डिजाईन, वकिल)	दाहाल ल च्याम्बर	०.००	५००००.
२०७८/११/०८	३	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	त्रिवेणी माध्यमिक विद्यालय कटारी उदयपुर	०.००	३५०००००.
२०७९/०१/२१	९	शिक्षा अन्तर्गतका कार्यक्रम	श्री चुरिया आधारभुत विध्यालय च्याँङ्गा	०.००	१२५०००.
२०७९/०३/०८	११५	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार	त्रिवेणी माध्यमिक विद्यालय कटारी उदयपुर	०.००	३५०००००.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		विद्यालयको ल्याव व्यवस्थापन अनुदान			
२०७९/०३/२१	१४३	विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन)	श्री जनता आधारभूत विद्यालय फुलबारी सिरान	०.००	१८०००००.
२०७९/०३/२१	१४३	विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन)	श्री जनप्रिय आधारभूत विद्यालय (१-८)	०.००	१८०००००.
२०७९/०३/२४	१५३	विद्यालय भवन निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) दोस्रो पटक	श्री जनता माध्यमिक विद्यालय गुराँसे (१-१२)	०.००	१८०००००.
			जम्मा	२१०४८४०.	१२७८५०००

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१५ को निर्णयबाट रु. ७३२५०००।- सम्परीक्षण गरिएको ।)

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**व्याक्तिगत पेश्की** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ मा पेश्की दिने र फछ्र्यौट सम्बन्धी व्यवस्था गरेको छ । साथै नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछर्योटकोलागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतको दरले ब्याज समेत असुल गरिने व्यवस्था गरेको छ। तर निम्नअनुसारको कार्यक्रम संचालन गर्न गरेको पेश्की आर्थिक वर्षको अन्त्य सम्मपनि फछर्योट गरेको नदेखिएकोले नियममा भएको व्यवस्था वमोजिम फछर्योट हुनुपर्ने रु	९१६,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पेश्की लिएको मिति</td><td>गो. भौ. न.</td><td>पेश्कीको विवरण</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>म्याद नाघेको</td></tr>
<tr><td>२०७८/०५/२८</td><td>९७</td><td>इन्धन (कार्यालय प्रयोजन)</td><td>सूर्य बहादुर खड्का</td><td>१९५५००.</td></tr>
<tr><td>२०७८/०५/२८</td><td>९८</td><td>इन्धन (कार्यालय प्रयोजन)</td><td>नेत्र कुमार पौडेल</td><td>१७०५००.</td></tr>
<tr><td>२०७८/०७/२४</td><td>२८४</td><td>खेलकुद सहभागिता</td><td>वचनदेव कुमर</td><td>२०००००.</td></tr>
<tr><td>२०७८/०९/२६</td><td>७८</td><td>कृत्रिम गर्भाधान मिसन कार्यक्रम</td><td>केशर बहादुर कार्की</td><td>२५००००.</td></tr>
<tr><td>२०७९/०३/२५</td><td>६२१</td><td>कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम</td><td>सोनु मिश्र</td><td>१०००००.</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>९१६०००.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>नगदी रसिद
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ को उपनियम ६ मा कार्यालयमा नगद वा बैक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनुपर्ने उल्लेख छ । पालिकाले नयाँ म.ले.प. फारमहरु तयार नै नगर्ने गरी सफ्टवयेरबाट राजस्वको रसिद काट्ने गरेको तथा प्राप्त हुने सबै राजस्वको नगदी रसिद काट्ने गरेको देखिएन । सफ्टवयेरको मासिक शीर्षकगत जोडजम्मा र मासिक</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			संपक्षिप्त प्रतिवेदनको जोड समेत आपसमा भिडान हुने नदेखिएकोले उक्त प्रणालीले प्राप्त सबै राजस्व सही र यथार्थ देखाएको छ भन्ने सम्बन्धमा एकिन गर्न सकिने कुनै आधारहरु रहेको देखिन्दैन । विद्युतीय माध्यमबाट राजस्वको रसिद काट्दा तोकिएको म.ले.प.फारमहरुको ढाँचा लेखा राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।	
२३			**प्रारम्भिक वातावरणीय परीक्षण (आइ ई ई) खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी. बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकाभित्रका विभिन्न चार क्षेत्रको प्याकेज बनाई प्रारम्भिक वातावरणीय परीक्षण (आइ ई ई) गरी रु. १७५१५००।— खर्च गरेको छ । ती मध्ये तीन प्याकेजको मात्र नदिजन्य पदार्थको बिक्रीका लागि सूचना प्रकाशित गरेको पाइयो । एउटा प्याकेज (प्याकेज नं. ४) सूचनामा उल्लेख गरेको देखिएन । तीन प्याकेज मध्ये प्याकेजन नं ३ को मात्र बोलपत्र खरिद तथा पेश गरी सबैभन्दा बढी रु २२८००००।- मू.अ. कर बाहेक कबोल गरी रु १३,००,०००।— मात्र पालिकाको विभाज्य कोषमा दाखिला भएको पाईयो । प्याकेज नं. १ र २ को ३ पटक सम्म वोलपत्र सूचनाको आह्वान गर्दा समेत वोलपत्र विक्री तथा दर्ता भएको देखिएन । पालिकाले आइ ई ई गरी भुक्तानी भएको रकम भन्दा कम आम्दानी भएको देखिएको छ । तसर्थ आम्दानी गर्नका लागि गरिएको खर्चबाट सो खर्च बरावरको आम्दानी नदेखिएकोले खर्चको औचित्य देखिएन ।	
२४			**नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन**	
२४.१			**लागत अनुमानः** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रदेश आर्थिक ऐन, २०७८ अनुसार ढुंगा गिट्टी तथा बालुवाको दररेट प्रदेश सरकारले निर्धारण गरेअनुसारको प्रारम्भिक वातावरणीय परीक्षण (आइ ई ई) मा उल्लेख भएको परिमाणका आधारमा ठेक्काको न्यूनतम विक्री मूल्य निर्धारण गर्नु पर्दछ । प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची- ४ मा नदिजन्य पदार्थको विक्री दर ढुंगा, गिटी, रोडा, ग्रावेल, चट्टान, स्लेटको प्रति क्य.फिट रु. ६।— (प्रति घ.मि. रु २११.८८), बालुवा चिप्स प्रति क्यू फिट रु. ४.७५।-(प्रति घ.मि. रु १६७.७४), माटो(भरौट र बलौट) प्रति क्यू.फिट रु ३(प्रति घ.मि. रु १०५.९४) को उल्लेख गरेको छ । उक्त दरका आधारमा पालिकाले न्यूनतम विक्री मूल्य निर्धारण गर्नुपर्नेमा निर्धारण गरेको विवरण पेश गरेको छैन । पालिकालेआइ.ई.ई. मा उल्लेख भएको उत्खनन् गर्न मिल्ने परिमाण भन्दा कम परिमाण विक्रीको	९८०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
लागि सूचना प्रकाशन गरेको छ । कानूनमा उल्लेख गरे भन्दा फरक दरमा न्यूनतम विक्री मूल्य उल्लेख गरेको नियमसंगत देखिएन ।
<table>
<tr><th>उत्खनन् गर्ने खोला/ घाट</th><th>आइ ई ई अनुसार उत्खनन परिमाण (घ.मि.मा)</th><th>बोलपत्र आह्वानको सूचनामा उल्लेख भएको परिमाण (घ.मि.मा)</th><th>पालिकाले निर्धारण गरेको विक्री दर रु</th><th>न्यूनतम कबोल अंक</th></tr>
<tr><td>तिम्नाई, सिस्नेरी घाट, सत्खोल्सी कमला दोभान(प्याकेज १)</td><td>२२९००</td><td>१६९६२.९६</td><td>१४१.१२</td><td>२३९४३२५</td></tr>
<tr><td>तावा कमला दोभान(त्रिवेणी मेला) सिमानपुर मझुवा, भुण्टे चौरी (प्याकेज २)</td><td>३१५५०</td><td>२३३७०.३७</td><td>१४१.१२</td><td>३२९८७३२</td></tr>
<tr><td>हडैया खरहे तावा दोभान, ककरु दोभान, स्मृती बाटिका पश्चिम, बलिया खहरे तावा दोभान, काली खाडी (प्याकेज ३)</td><td>२१४६०</td><td>१५८९६.३</td><td>१४१.१२</td><td>२२४३७६५</td></tr>
<tr><td>तावा खोला वडा नं ७ र बैद्यनाथ खोला वडा नं ६ (प्याकेज ४)</td><td>२६९५०</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>जम्मा</td><td>१०२८६०</td><td>५६२२९.६३</td><td></td><td>७९३६८२२</td></tr>
</table>
आ ई ई प्रतिवेदन अनुसार पालिकाले १०२८६० घन मिटर नदिजन्य पदार्थ विक्री गर्न मिल्ने देखिएता पनि पालिकाले बोलपत्रमा प्रकाशित सूचना अनुसार ५६२२९.६३ घ.मि. नदिजन्य पदार्थको न्यूनतम विक्री मूल्य रु १४१.१२ प्रति घ.मि.
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			का दरले रु. ७९३६८२२ कायम गरेको पाइयो । प्रदेश आर्थिक ऐन अनुसार प्रति घ.मि. २११.८८ का दरले न्यूनतम विक्री मूल्य रु . १,१९,१३,९३४/- हुनुपर्ने देखिन्छ । पालिकाले प्रदेश कानून भन्दा रु ३९७७११२/- घटी न्यूनतम विक्री मूल्य निर्धारण गरेकोमा कम दररेट कायम गर्नेलाई जिम्मेवार बनाइनु पर्दछ । **खोला ठेक्काः** ढुंगा, गिट्टी, वालुवा, उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को (घ) मा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, संकलनको अनुमती तथा बिक्रीको ठेक्का व्यवस्था मिलाउने उल्लख छ । पालिकाले हडैया खहरे तावा दोभान वडा नं. ३ र ५ खोला ठेक्का व्यवस्थापन गरी सबै भन्दा बढी रु २२८००००।- कबोल गर्ने भिमेश्वर कन्स्ट्रक्सन विराटनगर-१२सँग संझौता गर्ने निर्णय भएको छ । पालिकाले उक्त कन्स्ट्रक्सनसँग संझौता गरेको प्रमाण पेश भएन । कन्स्ट्रक्सनको प्रतिनिधि दिनेश गुरुङसँग कवोल अंक रकम दुई किस्तामा भुक्तानी गर्ने गरी पालिकाले कबुलियत/पट्टा फारम दिएको छ । उक्त पट्टा दिएको मिति उल्लेख छैन । पालिकालसंग संझौता नै नगरी कबुलियत/पट्टा दिएको भरमा कन्स्ट्रक्सनले नदिजन्य पदार्थ उत्खनन् भएको पाइयो । कन्स्ट्रक्सनले मिति २०७९।३।२८ मा पालिकामा रु १३०००००।— जम्मा गरेको छ । कबोल गरेको अंकरु २२८००००/- दाखिला नगरी रु १३०००००/- मात्र दाखिला भएकोले बाँकी रकम नगरपालिकामा दाखिला हुनुपर्ने रु ९८००००/-	
२४.२			पालिकाले हडैया खहरे तावा दोभान वडा नं. ३ र ५ (प्याकेज नं. ३) मा मात्र प्रस्ताव पेश गरेकोले उक्त प्याकेज मात्र विक्री भएको छ । अन्य प्याकेजहरुको पुनः सूचना पालिकाले प्रकाशन गरेको छैन । जस कारण पालिकामा न्यूनतम विक्री मूल्यका आधारमा मात्र रु ५६९३०५७/- घटी आम्दानी भएको छ । विक्री गरीएको प्याकेज नं ३ मा प्रदेश आर्थिक ऐनले तोकेको भन्दा कम दर (प्रति घमि रु २११.८६- रु१४१.१२) रु. ७०.७४ कायम गरेकोले पालिकालाई रु ११२४५०४/- घटी आय भएको अनियमति देखिएको रु	१,१२४,५०४
२४.३			**मूल्य अभिवृद्धि करः**मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार निकासी तथा विक्री आम्दानी र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम कार्यालयले ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने उल्लेख गरेको छ । पालिकाले यस वर्ष हडैया खहरे तावा दोभान वडा नं. ३ र ५ खोला ठेक्काको मूल्य अभिवृद्धि कर बाहेक रु २२८००००/- ठेक्का कबोल गरेकोमा भिमेश्वर कन्स्ट्रक्सन विराटनगरले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर नबुझाएकोले उक्त कन्स्ट्रक्सनबाट असुलउपर गरी दाखिला गर्नुपर्ने रु २९६४००	२९६,४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४.४			उत्खनन, संकलन परीमाणको अभिलेखः ढुङ्गा, गिटि, बालुबा उत्खनन् बिक्रि तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड २०७७ को बुदा ७ (६) मा उत्खनन, संकलनवा ढुवानीकर्ताले उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको अभिलेखअनुसूची ४ (क) बमोजिमको र दैनिक पटके बिक्रि बा ढुबानी अभिलेख तेरीज अनुसूची ४(ख) बमोजिमको ढाँचामा राख्नुपर्ने ब्यबस्था छ । पालिकाले यस वर्ष नदिजन्य पदार्थको ठेक्कामा परिमाण उल्लेख गरी ठेक्का दिएपनि उत्खन्न संकलन ढुवानी गरेको परिमाणात्माक अभिलेख राखिएको देखिएन । मापदण्ड २०७७ बमोजिम नदिजन्यको उत्खन्न तथा ढुवानीको परिमाणात्मक अभिलेख राखिनुपर्दछ ।	
२५			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।	
२६			**सुचना प्रकाशन** पालिकाले विभिन्न मिडियाहरुमा सूचनाप्रकाशन तथा प्रसारण वापत रु ३१००००० खर्च गरेको छ। आर्थिक वर्षको सुरुआतमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरु मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरु बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरुबीच पतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
२७			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td>१५३८</td><td>२०७९-३-२४</td><td>बिल भरपाई
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ सम्लग्न हुनुपर्ने व्यवस्था छ । । पालिकाले पशु सेवा विकास कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा घाँस काट्ने औजार च्याकटर १२ थान ३hp,च्यापकटर ४ hopping blade ३hp १थान फार्मर च्वाईस नेपाल प्रालि वाट रु ४६५२५५ मा खरिद गरेकोमा वितरण गरेको भरपाई पेश नगरेकोले प्रमाण पेश गर्नु पर्ने रु</td><td>४६५,२५५</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अनुगमन भत्ता
गाउँ तथा नगर सभामा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसुची १(ख) मा नगरपालिका मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरि पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको पदाधिकारीहरुको अनुगमन भत्ता भुक्तानी गर्दा अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन भत्ता भुक्तानी दिएको हुदाँ प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>पद</th><th>अनुगमन भत्ता</th></tr>
<tr><td>प्रमुख</td><td>१२१०००</td></tr>
<tr><td>उपप्रमुख</td><td>१२१०००</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>६९३०००</td></tr>
<tr><td>का.पा.सदस्य</td><td>१७६०००</td></tr>
<tr><td>जम्मा</td><td>१११९०००</td></tr>
</table></td><td>१,१११,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>भ्रमण खर्च</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु २२९४७३७ भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन, भ्रमण अभिलेख तथा प्रतिवेदन नराखि खर्च गर्ने गरेको, स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीको प्रयोजन स्पष्ट हुने गरी खर्च गर्नु पर्दछ ।	
३१	८११	२०७८-११-२५	**उपचार खर्च** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धमा पालिकाका पदाधिकारीहरुलाई औषधि उपचार खर्च बारे कुनै पनि व्यवस्था रहेको छैन ।नगरपालिकाका नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठलाई औषधी उपचार बापत रु.४००००० भुक्तानी भएको देखियो । कानुनमा व्यवस्था नभएको शीर्षकमा भएको खर्च सार्वजनिक लाभको पदमा रहेको अवस्थामा लिएको आर्थिक सहायता असुल हुनु पर्ने रु	४००,०००
३२			**इन्धन खर्चको मापदण्ड** प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु ५४,०३२८२ खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ।	
३३			**मर्मत खर्च** सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति,फर्म,कम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रु	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>४३,११६०४ खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी मर्मत आदेश वेगर खर्च गरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>विधुत जरिवाना
विधुतको जरिवाना भुक्तानी कार्यालयले नेपाल विद्युत प्राधिकरणवाट प्राप्त भएको विलहरुको समयमा नै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा नगरपालिका स्वास्थ्य संस्था र विषयगत शाखाको विभिन्न महिनाको विद्युत खपत वापतको रकम म्याद समाप्त भएपछि ५%,१०% र २५% सम्म जरिवाना थप गरी भुक्तानी गरेको नियम अनुसार नदेखिएको रु
<table>
<tr><th>गौ.भौ.नं/मिति</th><th>भुक्तानी रकम</th><th>जरिवाना</th></tr>
<tr><td>२२५/०७८/६/१९</td><td>३५००००</td><td>३४४३०</td></tr>
<tr><td>११८४/०७९/२/१९</td><td>२८१०००</td><td>३४७३८</td></tr>
<tr><td>५३५/०७८/१०/६</td><td>१७७५००</td><td>१९६७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८८८३८</td></tr>
</table></td><td>८८,८३८</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कानूनी सल्लाकार
गाँउ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५मा कानुनी सल्लाहकार नियुक्ति सम्बन्धमा व्यवस्था गरेको छैन । गाउँपालिकाले कानुनी सल्लाहकार श्री विदुर राउत कार्तिक सम्म मासिक रु. २०००० पारिश्रमिक दिने गरी सम्भौता र कुलदिप दाहाल मंसिर देखि रु १८००० पारिश्रमिक दिनेगरी सम्झौता भएकोमा कानूनमा व्यवस्था नभएको सल्लाहकार नियुक्त गरी नगरपालिकालाई थपआर्थिक व्ययभार पर्ने गरि खर्च लेखेको नियसंगत नदेखिएको रु</td><td>२२४,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**महँगी भत्ता** अर्थमन्त्रालयकोचं.नं १७१९ मिति २०७९/०१/२१को परिपत्र बमोजिम करारमा सेवामा नियुक्त भएका कर्मचारीलाई महँगी भत्ता दिन नमिल्ने उल्लेख रहेको छ।कार्यालयले ७ जना करार सेवामा कार्यरत कर्मचारीलाई महिनाको रु २००० का दरले महँगी भत्ता भुक्तानी दिएकोले अनियमित देखिएको रु	१६८,०००
३७			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु २५८२३०१५ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।	
३८			**बैठक भत्ता** पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रु २९९१६०० खर्च गरेकोछ।पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको,विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।तसर्थ, पालिकालेबैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालनतथा सार्वजनिकखर्च मितव्ययी बनाउँनु पर्दछ ।	
३९			**कटारी अस्पताल तर्फ**	
३९.१	१२२	२०७९-३-२१	**वार्षिक मर्मत खर्च भुक्तानीः** ....*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१५ को निर्णयबाट रु. १२४३०० ।- सम्परीक्षण गरिएको ।)*	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९.२	६७	२०७८-१०-२९	**अतिरिक्त समय भत्ताः** ....*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१५ को निर्णयबाट रु. ५२४२५।- सम्परीक्षण गरिएको ।)*	
३९.३			**अतिरिक्त समय काम गरेबापत थप भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । मिति २०७८।५।३० को कटारी अस्पताल व्यवस्थापन समितिको निर्णय अनुसार कार्यालय समय भन्दा बाहेकको समयमा थप काम गरेबापत प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ । यस वर्ष पालिकाले प्रोत्साहन भत्तावापत रु ६६२३७७७।— भुक्तानी भएकोमा छ ।पालिकाले अस्पतालमा रहेको स्वास्थ्यकर्मीलाई भुक्तानी दिएको अतिरिक्त भत्ता सम्बन्धमा कार्यविधि बनाएको देखिएन । कार्यविधि वनाई व्यवस्थित गरिनुपर्दछ ।	
४०			**औषधि खरिद तथा व्यवस्थापन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. ५० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहहरुले उक्त प्रक्रियाका आधारमा रु. १९५००००।- का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्ः • औषधि खरिद सम्बन्धमा पालिकाले आवश्यता पहिचान, माग संकलन, मौज्दात तथा खपतलाई आधार विश्लेषण नगरी खरिद गरेको छ । • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश देखिएन । • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। • औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने देखिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४१	२८६	२०७९-१-७	**छात्रवृत्ति** *...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९-१२-१५ को निर्णयबाट रु. ८८०० ।- सम्परीक्षण गरिएको ।)*	
४२			**स्यानीटरी प्याड** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमकोखर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि अनुदानको व्यवस्था भए अनुसार पालिकाले यस वर्ष ७१ विद्यालयलाई रु.१९०१७६०/-निकासा गरेको छ । पालिकाले विद्यालयलाई स्यानिटरी प्याड खरिद वापत निकासा दिएको रकमको अनुगमन गरेको देखिएन । स्यानीटरी प्याड खरिद वापत भुक्तानी भएको रकमबाट विद्यालयहरुले तोकिए बमोजिम गुणस्तरको प्याड खरिद गरी खर्चको सुनिश्चितता हुनु पर्दछ ।	
४३	५७९		**दिवा खाजा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रम कार्यान्वन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५/- का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने । सबै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष दिवा खाजा वापत ७८ विद्यालयलाई रु १,६३,६६,६५८/- भुक्तानी दिएको छ । कार्यान्वयन पुस्तिका बमोजिम सबै विद्यालयहरुले प्रधानाध्यापक र विव्यास अध्यक्षबाट हाजिरी प्रतिलिपि प्रमाणित गरेको छैन। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन ।	
४४			**पाठ्य पुस्तक** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि प्रति विद्यार्थी लागतका आधारममा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष निशुल्क पाठ्यपुस्तक बापत ७८ विद्यालयलाई रु. ६६६९१५४/- निकासा दिएकोमा देहायका विद्यालयहरुलाई कक्षा ११-१२ को लागि पाठ्यपुस्तक वापतको रकम निकासा गरेकोमा पाठ्यपुस्तक खरिद तथा वितरण गरेको विवरण पेश नगरेकोले पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.	७४,१०४

क्र. स .	विद्यालयको नाम	रकम
१	चन्द्रवती उच्च मावि लेखानी	६७५०
२	जनप्रेमी उमावि रिस्कू	१२५३१
३	जनता मावि गुँरासे त्रिवेणी	२५५९३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४</td><td>जनमुखी मावि बसेरी हर्देनी</td><td>१४९१६</td></tr>
<tr><td>५</td><td>जनताकालीका मावि छविसे</td><td>१४३१४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७४१०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td>४०८</td><td>२०७९-२-३१</td><td>जिन्सी दाखिला
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकालेदेहायको विद्यालयहरुलाई निकासा गरेको रकमबाट खरिद गरिएका सामाग्रीहरु विल भरपाई तथा दाखिला भएको विवरण लेखापरीक्षणका क्रममा पेश भएन । पालिकाले विद्यालयलाई निकासा गरेको रकमबाट सामाग्री खरिद भएको यकिन तथा दाखिला समेत गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु<table>
<tr><td>क्र.स.</td><td>विद्यालयको नाम</td><td>विवरण</td><td>निकासा रकम</td></tr>
<tr><td>१</td><td>मावि लिम्पाटार</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>जनता कालिका मावि</td><td>विज्ञान प्रयोगशान</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३०००००</td></tr>
</table></td><td>१,३००,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये स्थायी</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>विभिन्न ७९ विद्यालय</td><td>३४१</td><td>३३२</td><td>१२६</td><td>२०६</td><td>१२६९६</td></tr>
</table>
उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा पालिकामा न्यूनतम प्रति शिक्षक २ देखि अधिकतम ८५ जना औषतमा ३८ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दीको असमान वितरण भएको देखिदा पालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>धानको विउ वितरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ अनुसार कृषकहरुलाई विउ वितरण कार्यक्रमका २०प्रतिशत लागत साझेदारी हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष रु ९,९२,६००।- रकमको धानको विउ खरिद गरी कृषकलाई वितरण गरी कृषकहरुले लागत साझेदारी बापत रु २६०६२५/- पालिकामा दाखिला गरेको पाइयो । कृषकबाट दाखिला भएको रकम सम्बन्धित खर्च शीर्षकमा आम्दानी नगरी संचितकोषमा आम्दानी भएकोले छ । संघीय सशर्त अनुदानबापतको रकम स्थानीय संचित कोषमा दाखिला भएको रकम संघीय संचितकोष फिर्ता हुनुपर्ने रु</td><td>२६०,६२५</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>अनुदानको उपयोग
सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले कृषकको नाम नामेसी सहितको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने तथा समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि तथा पशु कार्यक्रममा उपलब्ध गराएको अनुदान सम्बन्धमा अध्यावधिक विवरण तयार गरी राखेको पाइएन । यसरी अभिलेख अद्यावधिक नहुँदा एकै फर्म तथा ब्यक्तिलाई पटक पटक अनुदान जाने सक्ने जोखिम हुने भएकोले पालिकाबाट अनुदान वितरण अभिलेख अद्यावधिक गरी समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाबाट यस वर्ष अनुदान प्रदान गरेको उदाहरण यस प्रकार रहेका छन्:</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गोश्वारा भौचर</th><th>अनुदानग्राहीको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>३१२-२०७९।२।१६</td><td>सन्दकपुर कार्की बाखा फर्म</td><td>बाखा पकेट फर्म</td><td>४३००००</td></tr>
<tr><td>५६१-२०७९।३।२३</td><td>हाम्रो सामुदायिक बिउ बैक</td><td>रैथाने बाली प्रवर्दधन</td><td>१३०००००</td></tr>
<tr><td>५२५-२०७९।३।२३</td><td>सुन्तला पकेट कार्यक्रम (वडा नं १४)</td><td>सुन्तला पकेट कार्यक्रम</td><td>११५१६५९</td></tr>
<tr><td>४६८-२०७९।३।१३</td><td>अमिलो जातको फलफूल पकेट संचालन निरन्तरता कार्यक्रम उ.स.</td><td>सुन्तला पकेट कार्यक्रम</td><td>४६८७५०</td></tr>
<tr><td>५७०-२०७९।३।२४</td><td>बाखा पकेट संचालन समिति</td><td>बाखा पकेट कार्यक्रम</td><td>२०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>भैसी प्रवर्द्धन कार्यक्रम
लागत साझेदारमा पशुपंक्षी प्रवर्द्धन कार्यक्रम संचलान प्रकृयासम्बन्धी प्रकृया मार्गदर्शन, २०७७ अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त दूध, मासु, अण्डा र ऊन लगायतका पशुजन्य उत्पादनमा आतेमनिर्भर हुने तुलनात्मक लाभका वस्तुहरु निर्यत गर्ने लक्ष्य प्राप्तिमा उपयोगगर्न स्थानीय तहको लागत साझेदारी सुनिश्चित गर्नका लागि यस पालिकामा लागत साझेदारीमा भैसी प्रबर्द्धन कार्यक्रम संचालन भएको छ । पालिकाले यस कार्यक्रम संचालन गरी २० वटा भैसी खरिद तथा वितरण गरी वर्ष रु १९५८४९२/- खर्च गरेको छ । भैसी प्रवर्द्धन कार्यक्रममा छनोट भएको कृषि परिवार/कृषि समूहहरुलाई भैसी उपलव्ध गराउँदा खरिद गरिएको भैसीको स्वास्थ्य परीक्षण गरेको पाइएन । पशु उपलव्ध गराउने गरी कार्यक्रम संचलान गर्दा स्वस्थ पशु खरिद गरी वितरण गरिनु पर्दछ । पालिकाको सहभातिमा संचालन भएको प्रवर्द्धन कार्यक्रम संचालन पश्चात ती कार्यक्रम संचालित क्षेत्रमा अनुगमन भएको पाइएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**बंगुर पकेट कार्यक्रम निरन्तरताः** प्रधानमन्त्री कृषि अधुनिकीकरण परियोजना कार्यान्वयन मेनुअल, २०७७ को परिच्छेद ७ मा तोकिएको पकेट संचालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक प्राप्त गर्ने सुविधाको बारेमा उल्लेख गरेको छ । पालिकाले यस वर्ष बंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम संचालन गरी रु ५९९९५०/- खर्च भएको छ । उक्त परियोजना कार्यान्वयन इकाई मेनुअलमा कृषि उत्पादन सामाग्री (बीउ, बेर्ना, विरुवा, माछा भुरा, पशु नश्ल) को लागि परियोनाबाट बढीमा ५० प्रतिशत सुविधा उपलब्ध गराउने उल्लेख छ । पालिकाले बंगुरपालन पकेट संचालन उपभोक्ता समितिले बंगुरको पाठापाठी रु ५३९७७५।— को खरिद गर्दा म्नुअल अनुसार बढीमा ५० प्रतिशत रकम अर्थात रु. २६९८८८/- भुक्तानी गर्नुपर्नेमा रु. ४३१८२०/- भक्तानी दिई रु. १६१९३३/- बढी भुक्तानी भएको छ । परियोजना कार्यान्वयन मेनुअलमा उल्लेख भए भन्दा वढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु.	१६१,९३३
५१			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५ योजना संचालन गरी १५७ जनालाई न्यूनतम ८ दिन देखि अधिकतम ९५ दिन सम्मको पारिश्रमिक वापत रु. ७०६६६३५/-खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
५२			**सामाजिक सुरक्षा तर्फ**	
५२.१			दोहोरो भत्ताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता गर्ने व्यवस्था गरेको छ । साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाइरहेको व्यक्तिको नाम हटाउने उपनियम ४ मा ऐन विपरित दोहोरो भत्ता लिने लाभग्राहीबाट असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको नमूना परीक्षण गर्दा एउटै नागरिकता नंम्बर भएका दुइजना लाभग्राही, मृत्यु भएकोमा लगत कट्टा नगरेको र एउटै व्यक्तिलाइ दोहोरो सामाजिक सुरक्षा वितरण गरेको देहायको लाभग्राहीको सामाजिक सुरक्षा भत्ता दोहोरो परे नपरेको छानबिन गरी असूल गर्नुपर्ने रु	११४,८७९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(तलको तालिका)	

क सं	लाभग्राहीको नामथर	नागरिकता नं	वडा नं	रकम निकासा	कैफियत
१	झ्यापी माया मगर	४६६६१९०	८	३१९२०	नागरिकता नं एउटै र फोटो सहितको अभिलेख नभएको
२	मोती माया तामांग				
३	डम्बर बहादुर मगर	४५२३	९	४८०००	नागरिकता नं एउटै र फोटो सहितको अभिलेख नभएको
४	हर्क बहादुर केप्छाकी				
५	प्रेम बहादुर सुनुवार	६०१३१	१०	२५५३६	एउटै व्यक्ती दोहोरो
६	अमृत माया आलेमगर		५	१९२००	लगत कट्टा नगरी २०७८।०५।०६ मा मृत्यु भएकोमा पहिलो र दोश्रो किस्ता पुरै वितरण गरिएको
७	श्री बहादुर रानामगर		१४	१०९३३	लगत कट्टा नगरी २०७८।११।०८ मा मृत्य भएकोमो तेस्रो किस्ता पुरै वितरण
८	वीरबहादुर घानामगर			४७२१०	लगत कट्टा नगरी २०७८।०४।०६ मा मृत्यु भएकोमा बर्षभरी नै भुक्तानी भएको
९	जस्मती राइ			१२०००	अन्तिम किस्तामा लगत कट्टा नगरी भत्ता वितरण
जम्मा				११४८७९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२.२			**विवरण अद्यावधिकः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख बमोजिम लक्षित समूह अनुसार छुट्टा छुट्टै अद्यावधिक अभिलेख पालिका र वडा कार्यालयमा राख्नु पर्ने र बुँदा ११ मा पालिकाको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराइ लगत कट्टा गरी मूल अभिलेखबाट हटाउनु पर्ने व्यवस्था छ । पालिकाले फोटो सहितको मूल अभिलेख र लाभग्राहीको लगत कट्टा विवरण अद्यावधिक गरि राखेको पाइएन । कार्यविधि पालना गरी विवरण अद्यावधिक राखिनु पर्छ ।	
५३			**वेतेनि सामुदायिक पार्क निर्माण** वेतेनि सामुदायिक पार्क निर्माण कार्यको लागत अनुमान रु ३७६०४०७५।३८ भएकोमा न्यूनतम कवोलकर्ता किराँतेश्वार जोशी प्रिन्स जेभिसंग २५७६५६५४।७४ मा मिति २०७९।१०।२९ मा कार्य सम्पन्न गर्नेगरी मिति २०७८।८।१ संझौता गरेको देखियो। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्। सार्वजनिक खरिद नियमावलीको नियम ५ (क) मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य गर्नु अघि स्पेशिफिकेशन योजना नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार पार्नुपर्ने व्यवस्था गरेको छ। तर उक्त पार्कको लागत अनुमान तयार गर्दा sanatary work को रु ५००००० ईलेक्ट्रिकल कार्यको रु २०००००० तथा टिकट काउन्टर भेन्डर सप शौचालय सेप्टि ट्याङ्क मेनहोल रिचार्ज पिटको रु ६१०२०५६।४३ मुल्य अभिवृद्धिकर समेतको १ job को आधारवाट लागत अनुमान तयार गरि वोलपत्र आह्वान गरी संझौता गरेको देखियो। यसले गर्दा वनाउन लागिएको संरचनाको डिजाईन तथा स्पेसिफिकेशन लगायतका विषय वोलपत्र कागजातमा समावेश गरेको देखिएन। वोलपत्र कागजातमा डिटल स्पेसिफिकेशन समावेश गरी वोलपत्र आह्वान गर्नुपर्छ। सार्वजनिक खरिद ऐन २०६४ को दफा १४ (४) मा सुचना प्रकाशन गर्दा राष्टिय स्तरको बोलपत्र वा पुर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको हकमा कम्तिमा ३० दिनको अवधि दिनुपर्ने व्यवस्था गरेको छ। तर उक्त निर्माण कार्यको प्रथम पटक सुचना गरेकोमा आर्थिक र प्रविधिक प्रस्ताव छुट्टा छुट्टै खोल्ने गरी सुचना गरेकोमा विद्युतिय खरिद प्रणालीमा आर्थिक र प्रविधिक प्रस्ताव एकै पटक खोलिएकोले प्रणालीमा सो प्रकृया रद्द गरी पुन १५ दिनको मात्र समयावधि दिई ठेक्का आह्वान गरेको देखियो।	
५४			**कोल्ड स्टोर निर्माण**	३००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद ऐन २०६३ को नियम २७ मा बोलपत्रको स्वीकृति र खरिद सम्झौता सम्वन्धी व्यवस्था गरेको छ। पालिकाले कोल्ड स्टोर निर्माण गर्न लागत अनुमान रु १३१९८५२९।७७ रहेकोमा मिति २०७९ वैसाख १५ मा सुचना प्रकाशन गरी बोलपत्र आह्वान गरेकोमा न्यूवतम कवोलवाला उदयपुर लामा कन्ट्रकसनले रु ८७७५५७७।६३ गरेकोमा २०७९।१।२७ मा ७ दिने आशयको सुचना प्रकाशन गरेको देखिन्छ। मिति २०७९।२।१३ च.नं.२४९९ वाट कार्यसम्पादन जमानत सहित संझौता गर्न आउन पत्र लेखेकोमा संझौता गरेको देखिएन। पालिकाले संझौता गर्न नआउने कवुल कर्ताको वोलपत्र जमानत रु ३००००० जफत गर्नुपर्नेमा वोलपत्र जमानत जफत नगरेको रु ३००००० सारभुतरुपमा प्रभावग्राही दोस्रो न्यूनतम कवोलकर्तासंग संझौता गर्नुपर्नेमा पालिकाले सो वमोजिम दोस्रोसंग संझौता गर्नुपर्नेमा दोस्रो न्यूनतम कवोलकर्तासंग संझौता गर्न पत्र लेखेको देखिएन। के कारणले सारभुत रुपमा दोस्रो घटिवालासंग संझौता नगरेको सो खुलाएको देखिएन। वोलपत्र आह्वान गरेर संझौताको प्रकृया पुरा गरी संझौता नगर्नु उचित देखिएन। पालिकाले वोलपत्र प्रकृया सुरु गरेर सुचना प्रकाशन तथा डिपि आर लगायत अन्य खर्च गरेर संझौता गरेको देखिएन। डिपि आरमा मात्र रु ९८८७५० खर्च गरेकोमा निर्माणकार्य गर्न वोलपत्र प्रकृया पुरा गरेको देखिएन ।	
५५			**पेश्की जोखिम** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (११ र १२) वमोजिम संझौता वमोजिमको काम सम्पन्न नगरेको अवस्थामा गरिने कारवाही सम्वन्धमा व्यवस्था गरेको छ। तर पालिकाले महाभारत प्राथमिक स्वास्थ्य केन्द्रको लगत अनुमान रु ७९१०८२४।३० रहेकोमा अंकित कन्ट्रक्सन सिराहासंग रु ५३००४९४।५० मा २०७६।५।२१ सम्ममा काम सम्पन्न गर्ने गरी २०७५।११।२२ गते संझौता गरेकोमा २०७८।३।३० सम्म म्याद थप गरेको देखियो। उक्त निर्माण कार्यको रु ४२१४५५१ (८० प्रतिशत) रकम मात्रको कार्य सम्पन्न गरेको २० प्रतिशत काम सम्पन्न गर्ने बांकी नै देखियो। कार्यसम्पादन जमानत रु ७८६११७ को म्याद मिति २०२१।६।१ मा नै समाप्त भईसकेको छ। साथै उक्त निर्माण व्यवसायीलाई दिएको पेश्की मध्ये रु ३७३१०० फर्छ्योट गर्न बांकी नै रहेको तर अग्रिम पेश्कि जमानतको म्याद समेत समाप्त भईसकेकोले उक्त पेश्की जोखिममा परेको रु ३७३१०० तर पालिकाले निर्धारित समय भित्र पेश्की फर्छ्योट गराउने तथा पेश्की जमानत जफत गर्ने कार्य गरेको देखिएन। साथै निर्माण व्यवसायी संझौता वमोजिमको म्याद भित्र निर्माण कार्य सम्पन्न नगरेको अवस्थमा कार्यसम्पादन जमानतको अवधि भित्रै कार्य सम्पादन जमानत जफत गरी कालोसुचीमा राख्ने कार्य समेत गरेको देखिएन। कार्यसम्पादन जमानत जफत गरी काललोसुचीमा राख्नुपर्ने रु ७८६११७	१,१५९,२१७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>कर समायोजन
मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ। मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण नबुझाई नन्फाइलर रहेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>मिति</td><td>भौ. नं.</td><td>विवरण</td><td>निर्माण व्यवसायी</td><td>भ्याट नं</td><td>विजक नं</td><td>भ्याट वाहेक रकम</td><td>भ्याट ७०%</td></tr>
<tr><td>६६३</td><td>२०७९।३।२४</td><td>१२ नं वडा कार्यालय भवन</td><td>उदयपुर लामा कन्ट्रक्सन</td><td>६०६६३७४५१</td><td>३८-२०७९।३।२४</td><td>१२९२५९७.८६</td><td>११७६२६</td></tr>
<tr><td>६११</td><td>२०७९।३।२३</td><td>कटारी वजार भित्री सडक कटारी</td><td>आर डि आत्रेय जेभि</td><td>६१३८४०४९५</td><td>४-२०७९।३।२३</td><td>२६१७४००</td><td>२३८१८३.४</td></tr>
<tr><td>६११</td><td>२०७९।३।२३</td><td>कटारी वजार भित्री सडक कटारी</td><td>आर डि आत्रेय जेभि</td><td>६१३८४०४९५</td><td>३-२०७८।११।२५</td><td>९८६०९५०.३</td><td>८९७३४६.४७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१३७७०९४८.१६</td><td>१२५३१५५.८७</td></tr>
</table></td><td>१,२५३,१५५.८७</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण
स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उल्लेख छ । तर पालिकाकोआर्थिक वर्ष २०७८।७९ कोआन्तरिक लेखापरीक्षण गराएको देखिएन। कानुनमाभएको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु पर्ने देखिन्छ।	
५८			**सुनकोशी लिफ्टिङ खानेपानी** आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्याक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भएनभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले वडा नं १० ११ १२ १३ र १४ खानेपानी विस्तार कार्य गर्न सुनकोशी लिफ्टिङ खानेपानी आयोजना उपभोक्ता समितिलाई रु २५००००० भुक्तानी दिएकोमा उक्त आयोजना उपभोक्ता समिति र नगरपालिका विच गरेको संझौता पेश भएन। उक्त आयोजना सम्पन्न गर्न लाग्ने लागत अनुमान समयावधि तथा खरिद प्रकृया सो लागत व्यहोर्ने पक्षहरु वीचमा गरेको संझौता समेत संलग्न गरेको देखिएन। उक्त आयोजनाको कुल लागत पक्षहरुवीच गरेको संझौता नापी तथा विल भरपाई पेश हुनुपर्ने रु	२,५००,०००
५९			**पर्यटन पुर्वाधार बिकास कार्यक्रम** उपभोक्ता समितिबाट पर्यटन पुर्वाधार बिकास निर्माणसम्बन्धी कार्य गराउने कार्यविधि, २०७१ (संशोधन सहित) को १.२ मा उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यक्रमहरु कार्यान्वयन गर्दा उक्त योजनाको लागि विनियोजन भएको (कन्टेन्जेन्सि वाहेकको) रकमको न्युनतम २० प्रतिशत वरावरको श्रम कार्य वा निर्माण सामाग्री वा सो वरावरको रकम योगदान उपभोक्ता समितिको तर्फ बाट गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले साकेला यलम्वरहाङ्ग खिम पर्यटकिय पुर्वाधार निर्माण कार्यको लागत अनुमान रु १४४६५३० भएको वास्तविक काम रु १५१६०५० को सम्पन्न गरेकोमा पालिकाले रु १३००००० भुक्तानी गरेको छ। नियम वमोजिम विस प्रतिशत जनसहभागिता कायम हुनेगरी संझौता गरेको देखिएन। जसले गर्दा रु २८९३०६ लागत व्यहोर्नुपर्नेमा रु १४६५३० घटि जनसहभागिता गरेको देखिएकोले वढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु	१४६,५३०
६०			**नापजांच** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ वा अन्य कुनै पनि बिल भुक्तानी गर्दा करारका सर्त वमोजिम प्राविधिक नाम जाँच गरी नापी किताबमा उल्लेख भए बमोजिमको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्न अनुसारको निर्माण कार्यको reinforcement	४,०८७,६५४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>को भुक्तानी गर्दा वास्तविक नापजांचको आधारमा नगरी लागत अनुमानमा उल्लेख भए वमोजिमको PCC को रेसियोको आधारमा भुक्तानी गरेको देखिएकोले सोको छानविन गरी वास्तविक नापजांच पेशहुनुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>मिति</th><th>योजनाको नाम</th><th>रडको परिमाण</th><th>ईकाइ</th><th>दर</th><th>भुक्तानी मुअकर समेत</th></tr>
<tr><td>३</td><td></td><td>नमुना विद्यालय श्री त्रिवेणी माद्यमिक विद्यालयको भवन</td><td>२९.११</td><td>MT</td><td>११६९५६</td><td>३४०४२७४</td></tr>
<tr><td>३८६</td><td>२०७९।१।१४</td><td>कटारी नपा खानेपानी मर्मत मुहान निर्माण तथा पाईप लाईन</td><td>५५९</td><td>kg</td><td></td><td>६९२९५</td></tr>
<tr><td>१३३</td><td>२०७८।११।२३</td><td>थोइसुङ्ग गुन्डेलिङ्ग युने लाखाङ्ग बौद्ध भवन निर्माण उ.स.</td><td>३१००।८२</td><td>kg</td><td></td><td>३५१९४३</td></tr>
<tr><td>३२६</td><td>२०७९।१।६</td><td>पवित्र चर्च भवन निर्माण उस</td><td>२२८८।८४</td><td>kg</td><td>११४।५३</td><td>२६२१४२</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>४०८७६५४</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>हेभि मेसिन प्रयोग
सार्वनविक खरिद नियमावली २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिवाट संचालन हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिस्ट्रिव्युटर जस्ता हेभी मेसिन प्रयोग गर्न नसकिने व्यवस्था गरेको छ । पालिकाले लागत अनुमान गर्दाको अवस्थामा नै हेभि मेसिनको दर लिएर लागत अनुमान तयार गरेको देखियो। उपभोक्ता समितिले निम्न अनुसारका व्यवसायीको हेभिमेसिन प्रयोग गरी निर्माण कार्य गराएको देखियो। उपभोक्ता समितिवाट निर्माण कार्य गराउँदा हेभिमेसिनको प्रयोग गर्नु नपर्ने उपभवक्ता समितिवाट निर्माण कार्य गराउँला मितव्ययी गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने तथा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने किसिमका कार्य मात्र उपसमितिवाट गराउनु पर्दछ। पालिकाले नियमावली पालनागरी निर्माण कार्य गराउनुपर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see table below)	

सि.नं.	मिति	भौ. नं.	विवरण	निर्माण व्यवसायी	हेभि मेसिन संचालन वापतको भुक्तानी रकम	वास्तविक काम
३७८	१४-०१-७९	३७८	खेल मैदान नि.घुर्मी.उस	आसा किरण कन्ट्रक्सन	१०५१५७८	१०५३५७३.
३९५	२१-०१-७९	३९५	सम्पुर्ण सडक म.यो.लेखानी उस	आसा किरण कन्ट्रक्सन	१०४८८६६	१०५०६९५.
४८४	२७-०२-७९	४८४	सम्पुर्ण मोटर बाटो मर्मत उ.स.	डिसि कन्ट्रक्सन	९५००००	१०८५०२५.
५६६	१४-०३-७९	५६६	माझखानी कुसुमटार सडक निर्माण उ.स.	आसा किरण कन्ट्रक्सन	६३२८००	६३४१८३.
५९९	२०-०३-७९	५९९	वांसवारी सोरुङ्ग सडक स्तरोन्नति	डिसि कन्ट्रक्सन	२१७१२९५	५१७३७६६.
६४७	२४-०३-७९	६४७	तल्लो खवारे मोटरवाटो निर्माण मर्मत उस	प्रिन्स कन्ट्रक्सन एण्ड सप्लायर्स	२८५८९०	३१५८२८.
६९२	२५-०३-७९	६९२	वडा स्तरीय मोटरबाटो मर्मत उ.स.	त्रिवेणि ईन्जिनियरिङ एण्ड सप्लायर्स	९१७५६०	१,०५१,८५७.००
६९५	२५-०३-७९	६९५	सोरुङ्ग दोभान राम्चे वडा कार्यालय हुदै ककनी सडक	डिसि कन्ट्रक्सन	४६९९९९	१०५३५७३.
३५९	२०७९।१।११	३५९	मयाँखु सडक स्तरोन्नति उस	चुलिथाम कन्ट्रक्सन	२२०१२४०	५२७८२११.
			जम्मा		९७२९२२८	१६६९६७११

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**प्यारापिट निर्माण कार्य** सार्वजनिक खरिद नियमावलीको नियम ५ (क) मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य गर्नु अघि स्पेशिफिकेशन योजना नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार पार्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले विस्तृत परियोजना प्रतिवेदन वेगरनै गत विगत देखिनै प्यारापिट निर्माण कार्यमा खर्च गर्दै आएकोमा यस वर्ष पनि उपभोक्ता समिति मार्फत रु ४२५२७४२ को निर्माण कार्य गराई रु ३९४३४३३ भुक्तानी गरेको देखियो। तर उक्त परियोजनाको डिटेल ड्रईङ डिजाईन तयार नगरी खर्च सुरु गरेको देखियो। रु	३,९४३,४४३
६३			**पुरानो कामको भुक्तानी** विगतको दायित्व भुक्तानी दिन बाँकी रहेको अवस्थामा भुक्तानी दिन बांकीको कच्चावरी मलेप फारम नं २२१ भरी प्रमाणीत गराई राख्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले वडा नं ७ मा विद्युतिकरण कार्यक्रमकोलागि मिति २०७५ पुस ८ मा उपभोक्ता समिति गठन गरी मिति २०७६।१।१५ मा नगरपालिका र समिति विच संझौता गरेको देखियो। उक्त समितिको मिति २०७८।७।२३ को निर्णयमा उक्त विद्युत विस्तार कार्य सम्पन्न भई सकेकोले भुक्तानी गर्नुपर्ने रकम मध्ये काभ्रे नेपाल हाईड्रो ईन्जिनियरिङ्ग प्रालिको विल अनुसारको रकम सोझै प्रालिलाई भुक्तानी गर्ने र बांकी रकम उपभोक्ता समितिको खातामा जम्मा गरिदिन अनुरोध गर्ने निर्णयका आधारमा पालिकाले उक्त प्रालिलाई विल नं१६९ मिति २०७६।२।२ को रु ५९५८२६।४० विजक नं १६७ को रु १५२८५२२।७५ विल नं १७० को रु४१४८९०।८० र मिति २०७६।३।७ विल नं २०९ को रु ७९३१२४।४० गरी जम्मा रु ३३३२३६४।३५ को विल पेश गरेको देखिन्छ। जस मध्ये रु ३०००००० रकम पालिकाले उक्त प्रालिलाई भुक्तानी दिएको देखियो। आधारमा भुक्तानी गरेको देखियो। फाईनल विलको आधारमा कुल रु३६८६९५८।३५ को निर्माण कार्य गरेको देखिन्छ। कार्य सम्पन्न प्रतिवेदन प्रतिवेदन समेत तयार गरेको देखिएन। कानुनमा भएको व्यवस्था वमोजिम भुक्तानी दिन बांकीको कच्चावारी प्रमाणीत नगरेको तथा कानुनको पालना नगरी गरेको खर्च दोहोरो नपरेको यकिन गर्नुपर्ने देखिएकोले भुक्तानी अनियमित देखिएको रु	३,०००,०००
६४	५२०	२०७९-३-२	**बढि भुक्तानी** हरियाली पार्क व्यवस्थापन कार्यक्रम वाट निर्माण कार्य गराउँदा लागत अनुमानको आईट नं ५ को Supply and laying concrete block over sand filling for foothpath को दर विश्लेषणमा प्रति वर्ग मिटरको रु ९२२।७२ देखिएकोमा भुक्तानी	४६४,२४०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्दा रु १३५० को दरवाट भुक्तानी गरेको देखिएकोले रु ४२७।२८ का दरले १०८६।५० वर्ग मिटरको वढि भुक्तानी रु४६४२४० गरेको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>उपभोक्ता समितिमार्फत खरिद
सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माणकार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा तोकिएको प्रकृया वमोजिम उपभोक्ता समितिवाट कार्य गराउन सकिने व्यवस्था गरेको छ। तर पालिकाले निम्नअनुसारको विद्युत विस्तारको कार्य गर्न उपभोक्ता समिति गठन गरि उपभोक्ता समितिको अंश समेत समावेश नगरी लागत अनुमान तयार गरी खरिद कार्य गरेको नियमसंम्मत नदेखिएको रु
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२५-०२-७९</td><td>४६४</td><td>कालिखोला विद्धुत एल टि लाईट विस्तार कार्य</td><td>३७१४४७.</td></tr>
<tr><td>२६-०२-७९</td><td>४७२</td><td>लिम्पाटार विद्धुत एल टि लाईट विस्तार कार्य</td><td>४६४६९१.</td></tr>
<tr><td>२०७९/०२/३१</td><td>५०५</td><td>सुन्दरपुर विद्धुत एल टि लाईट विस्तार कार्य</td><td>२७५५३१.</td></tr>
<tr><td>०६-०३-७९</td><td>५३०</td><td>पल्लो वतासेडाडा विद्धुत एल टि लाईट विस्तार कार्य</td><td>१९१९८२.</td></tr>
<tr><td>०७-०३-७९</td><td>५४०</td><td>चनौटे वतासे विद्धुत एल टि लाईट विस्तार कार्य</td><td>१६९९०३.</td></tr>
<tr><td>२४-०३-७९</td><td>६४४</td><td>विद्धुत एल टि लाईट विस्तार कार्य</td><td>९५७११०.</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४३०६६४.</td></tr>
</table></td><td>२,४३०,६६४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>
अग्रिम आयकर
आयकर ऐन २०५८ को दफा ८९ को ३क मा उपभोक्ता समिति मार्फत काम गराउनेगरी गरीएको ५० लाख भन्दा वढिको भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले निम्नअनुसारको काम उपभोक्ता समिति मार्फत गराएकोमा अग्रिम आयकर वापतको रकम कट्टा गरेको नदेखिएकोले असुर गर्नुपर्ने रु
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>वास्तविक काम</th><th>भुक्तानी</th><th>नपुग अग्रिम आयकर</th></tr>
<tr><td>२०७९।३।२०</td><td>५९९</td><td>बाँसवारी सोरुङ सडक स्तरोन्नति कार्य</td><td>५१७३७६६</td><td>४६८३९६७</td><td>४२२८</td></tr>
<tr><td>२०७८।८।२२</td><td>४४७</td><td>टाईगर फिल्ड प्यारापिट निर्माण</td><td>४२५३७४१</td><td>३९४३४३३</td><td>३३६८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९४२७५०७</td><td>८६२७४००</td><td>७५९६</td></tr>
</table>
</td><td>७,५९६</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
मुल्यअभिवृद्धि कर कट्टा नगरेको
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) अनुसार उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्यअभिवृद्धि कर कट्टा गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले निम्नअनुसारको भुक्तानीमा लागत अनुमान गर्दा श्रमको लागतमा समेत मुल्यअभिवृद्धि कर समेत समावेश गरी भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>रकम</th><th>मुल्य अभिवृद्धि कर</th></tr>
</table>
</td><td>३३,४४६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>०६-०३-७९</td><td>५३०</td><td>पल्लो वतासेडाडा विद्धुत एल टि लाईट विस्तार कार्य उस</td><td>१९१९८२.</td><td>२७५२१</td></tr>
<tr><td>२४-०३-७९</td><td>६४४</td><td>विद्धुत एल टि लाईट विस्तार कार्य उस</td><td>९५७११०.</td><td>५९२५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११४९०९२.</td><td>३३४४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>सिमा भन्दा बढिको कार्य
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोवास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिती बाट गराउन सकिने व्यवस्था गरेको छ। तर पालिकाले नमुना विद्यालय श्री त्रिवेणी माध्यमिक विद्यालय १५ कोठे तिन तले भवन निर्माण कार्यको लागत अनुमान रु १९४२२७११।४२ भएकोमा समितिले नै निर्माण कार्य गरी प्रथम रनिङ विल वापत रु १००००००००।५२ को विल पेश गरेकोमा रु ५०००००० भुक्तानी गरी रु ७०००००० पेश्कीको रुपमा भुक्तानी दिएको देखियो । सिमा भन्दा वढिको समिति मार्फत कार्य गरेको अनियमित देखिएको रु</td><td>५,०००,०००</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>अनुगमन तथा संपरीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । सो व्यवस्था अन्तरगत पालिकाले रु २६६२६९३४.२०/- संपरीक्षणको लागि पेश गरेकोमा सम्परीक्षण गरिएको छ । सम्परीक्षणबाट उल्लेखनीय बेरुजू देखिएको छैन ।
<table>
<tr><th>आर्थिक वर्ष</th><th>बेरुजू दफा नं</th><th>संपरीणको व्यहोरा र ठहर</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७६/७/७	३९	सम्बन्धित विद्यालयहरुले रु. ६५००००/- का दरले निकासा लिएकोमा सामाग्री खरिद गरी आम्दानी बाँधेको र दाखिला प्रतिवेदन पेश भएको रु (चन्द्रावती मावि लेखानी, दिपेन्द्र मावि जोगिडाँडा, कालिका मावि रतनपुर, माध्यमिक विद्यालय पट्नाभञ्ज्याङ्ग, जनप्रमी मावि रिस्कू, जनता कालिका मावि सोरुङ छविसे)	३९०००००.००
२०७६/७/७	४०	सरस्वति मावि हर्देनीले रु. ३४०४ र मावि लिम्पाटारले रु. २२७३५ वेरुजू खातामा दाखिला गरेको प्रमाण पेश भएको रु.	२६१३९.००
२०७६/७/७	६०	स्वास्थ्य चौकीहरु हर्देनी रु. १५०००/-, लेखानी रु. १५०००/-, सिरिसे रु १५०००/-, त्रिवेणी रु. १५०००/-, रिस्कू रु. १७४०० तथा नेपाल वार एसोशिएशन उदयपुर रु. ५००००/-, कृष्ण बहादुर कार्की रु. २२०००/-, तावाखोला नियन्त्रण अम्टाही उ.स. रु. १४२५००/-, गरी जम्मा रु. २९१९००/- पेश्की फछ्यौंटको प्रमाण पेश भएको रु.	२९१९००.००
२०७६/७/७	२०	सुविन ढुंगाना र भीम कुमारी सापकोटाबाट असुल उपर गरी दाखिला भएको प्रमाण पेश भएको रु.	१७००.००
२०७६/७/७	३७	सरस्वति मावि भोर्लेबाट असुल गरी दाखिला भएको भौचर पेश भएको रु.	३०२००.००
२०७५/७/६	७५	देहायको व्यक्ति, कर्मचारी तथा संस्थालाई दिएको पेश्की रकम पालिकाबाट फछ्यौंट गरेको प्रमाण पेश भएको रु.	२१७७५००.००
		१. सुना परियार रु. १८००००	
		२. स्वास्थ्यचौकी त्रिवेणी रु ८१०००	
		३. संजिव कार्की रु २००००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		४. चतुरी माया राई तथा राज्यलक्ष्मी श्रेष्ठ रु ७५००००	
		५. बुद्धि विलास भट्टराई रु ६४५००	
		६. माधव प्रसाद पौडेल रु ४२०००	
		७. सूर्य बहादुर कार्की रु ४८०००	
		८. चतुरी माया राई तथा राज्यलक्ष्मी श्रेष्ठ ७१३०००	
		९. कुल बहादुर विक ५०००	
		१०. स्वास्थ्य चौकी मयांखु ५००००	
		११. चतुरीमाया राई राज्यलक्ष्मी श्रेष्ठ १३८०००	
		१२. मोहन बहादुर पौडेल रु ३६०००	
२०७५/७ ६	२९	पालिकाले पदाधिकारीहरुको बढी सुविधा भुक्तानी भएकोमा ३६ जना पदाधिकारीहरुको असुल भइ पालिकाले फछ्र्यौंट गरी पेश भएको रु.	९७०२००.००
२०७५/७ ६	२६	पालिकाले पेश गरे बमोजिम ८ जना पदाधिकारीहरुबाट असुल गरी पालिकाले आन्तरिक राजस्व खातामा दाखिला भएको प्रमाण पेश भएको रु	६८००.००
२०७५/७ ६	२७	पदाधिकारहरु भिम कुमारी राउत र बेग बहादुर आले मगरबाट असुल उपर गरी दाखिला भएको प्रमाण पेश भएको रु.	१६२६०.००
२०७५/७ ६	३६	पदाधिकारी भिमकुमारी राउतबाट असुल उपर गरी दाखिला भएको प्रमाण पेश भएको रु	१४८५०.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७५/७६	५३	सरस्वती मावि हर्देनी, सरस्वती मावि भोर्ले, जनता मावि गुँरासे, मावि पट्नाभञ्याङ लाई रु ६५००००/- का दरले निकासा भएकोमा विल भरपाई तथा दाखिला प्रतिवेदन पेश भएको रु	२६०००००.००
२०७५/७६	५४	सरस्वति मावि हर्देनी, शंखवेल आवि चिप्टार र सरस्वति मावि भोर्लेबाट शिक्षक नियुक्ति भएको प्रमाण पेश भएको रु.	७८२०००.००
२०७५/७६	११	बरडाँडा- चिप्टार सडक स्तरोन्नती उपभोक्ता समितिबाट असुल गरी दाखिला भएको प्रमाण पेश भएको रु.	१५७९३.००
२०७४/७५	३३	विल भरपाई पेश गरेकोले संपरीक्षण हुन मुनासिव देखिएको रु	१६७००.००
२०७४/७५	८०	पालिकाबाट वेरुजू दफा नं. ३३ सँग दोहोरो भएको उल्लेख गरी पेश भएकोमा परीक्षण गर्दा सोही विवरण र भौचर नं. को बेरुजू दफा ३३ मा भएकोले संपरीक्षण हुन मुनासिव देखिएको रु.	१६७००.००
२०७४/७५	३७	रामु चौधरीको रु. ५००० र अन्जु साह कटारी अस्पतालको नाममा रहेको पेश्की फछ्र्योट गरी पेश भएको रु.	५५५०००.००
२०७४/७५	१२४	बढी भुक्तानी रकम त्रिवेणी माविले दाखिला गरेको भौचर पेश गरेको रु	२८४६२.२०
२०७७।७८		नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट संपरीक्षण भएको रकम रु	१५१७६७३०
		जम्मा संपरीक्षण भएको रकम रु	२६६२६९३४.२०